थाहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २०७६ संख्याः १ मितिः २०७६/१०/२०

भाग–१

थाहा नगरपालिका

## थाहानगर खानेपानी व्यवस्थापन बोर्डको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६

**प्रस्तावना :**

नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाई सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई त्यस्तो क्षेत्रका बासिन्दालाई भरपर्दो सेवा प्रदान गर्ने गराउने उचित र प्रभावकारी व्यवस्था गर्ने सम्बन्धमा खानेपानी व्यवस्थापन बोर्डको स्थापना र सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को ध (१) र (२) बमोजिम वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार बमोजिम यो ऐन बनाइएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

**१. संक्षित नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "थाहानगर खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०७६" रहेको छ ।

स्थानीय राजपत्र

(२) यो ऐन प्रमाणिकरणको मितिबाट प्रारम्भ भएको मानिनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम गठन भएको खानेपानी व्यवस्थापन बोर्ड सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा १० र ११ बमोजिम गठन भएको बोर्डको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने अन्य कुनै व्यक्तिसमेतलाई जनाउँछ ।

(घ) "सदस्य" भन्नाले कार्यकारी समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षसमेतलाई जनाउँछ ।

(ङ) "नगरपालिका/स्थानीय सरकार" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठित नगरपालिका सम्झनु पर्छ ।

(च) "संस्थान" भन्नाले नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम स्थापित नेपाल खानेपानी संस्थान सम्झनु पर्छ ।

(छ) "भौगोलिक क्षेत्र" भन्नाले बोर्डले खानेपानी वा सरसफाई सेवा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन दफा ५ बमोजिम तोकेको क्षेत्र सम्झनु पर्छ ।

(ज) "प्राकृतिक पानी" भन्नाले सनातनदेखि ढुङ्गेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसर्त भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्छ ।

(झ) "खानेपानी सेवा" भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धिकरण गरी उपभोक्तालाई पानी उपलब्ध गराउने काम सम्झनु पर्छ ।

(ञ) "सरसफाई सेवा" भन्नाले मानव मलमूत्रबाट वा घरेलु, व्यापारिक वा औद्योगिक उपयोग पश्चात् निष्काशन भएको फोहर पानी तथा त्यस्तो पानीमा मिश्रित सबै किसिमका फोहर पदार्थलाई नष्ट गर्ने, निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनु पर्छ ।

(ट) "सेवा" भन्नाले खानेपानी वा सरसफाई सेवा सम्झनु पर्छ ।

(ठ) "अनुमतिपत्र" भन्नाले सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवाप्रदायकलाई दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(ड) "सेवाप्रदायक" भन्नाले महसुल लिई सेवा उपलब्ध गराउने कुनै व्यक्ति, उपभोक्ता समूह वा संगठित संस्था सम्झनु पर्छ र सो शब्दले बोर्डसँग सम्झौता गरी सेवा प्रदान गर्ने अन्य कुनै व्यक्तिसमेतलाई जनाउँछ ।

स्थानीय राजपत्र

(ढ) "सेवा प्रणाली" भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइप, जलाशय वा खानेपानी, फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धिकरण गर्ने प्लान्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ ।

(ण) "महसुल" भन्नाले सेवाप्रदायकले सेवा प्रदान गरेबापत उपभोक्ताबाट लिन पाउने महसुल सम्झनु पर्छ ।

(त) "कार्यकारी निर्देशक" भन्नाले दफा १५ बमोजिम नियुक्त बोर्डको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(थ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

### बोर्डको गठन तथा काम, कर्तव्य र अधिकार

**३. बोर्ड गठन गर्न सक्ने :** (१) थाहा नगरपालिकाको नगर सभाले खानेपानी व्यवस्थापन बोर्डको आवश्यकता महशुस गरी यस सम्बन्धी ऐन निर्माण गरी खानेपानी सेवालाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन छुट्टै स्वायत्त रुपमा खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ । यसरी बोर्ड गठन हुँदा ४९ (उनान्चास) प्रतिशतसम्म मात्र शेयर वा जायजेथामा स्थानीय सरकारको स्वामित्व वा नियन्त्रण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रणाली नगरपालिको केही वा पूरै भागमा समेत सञ्चालन भइरहेको रहेछ भने नगरपालिकाको त्यस्तो भागसमेतलाई उपदफा (१) बमोजिम गठन हुने बोर्डको भौगोलिक क्षेत्रभित्र समावेश गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले नगरपालिका वा संस्थानबाट सञ्चालन भएको कुनै सेवा प्रणाली वा सेवा यस ऐन बमोजिम सञ्चालन गराउनु पर्नेछ । यसका लागि देहायका विवरणहरु खुलाई खानेपानी बोर्डलाई हस्तान्तरण गर्नुपर्नेछ :-

(क) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको वा सोसँग सम्बन्धित पानीको स्रोतको स्थिति,

(ग) उपभोक्ताको संख्या तथा सेवाको विवरण,

(घ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारकोलागि तयार गरिएको दीर्घकालीन योजना,

(ङ) सेवालाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन तयार गरिएको कार्य योजना,

स्थानीय राजपत्र

(च) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व र सोको हस्तान्तरण गर्ने तरीका तथा तत्सम्बन्धी अन्य व्यवस्था, र

(ञ) तोकिए बमोजिमका अन्य कुराहरु ।

(४) उपदफा (३) बमोजिम परेका निवेदनउपर जाँचबुझ गर्दा थप कुरा आवश्यक भए सो समेत बोर्डमा पेश गर्नुपर्नेछ । सो को जानकारी बोर्डले स्थानीय सरकारलाई अबिलम्ब जानकारी गराउनुपर्नेछ ।

**४. बोर्ड स्वशासित संस्था हुने :** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(२) बोर्डको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**५. बोर्डको भौगोलिक क्षेत्र :** (१) दफा ३ बमोजिम गठन हुने बोर्डको भौगोलिक क्षेत्र नगरसभाबाट तोकी स्थानीय राजपत्रमा प्रकाशन गरेको सूचनामा तोकिदिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बोर्डको भौगोलिक क्षेत्र कुनै कारणले थपघट वा हेरफेर गर्नुपरेमा सोको पर्याप्त कारणसहित बोर्डले थाहा नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा थाहा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदन उपर कारबाही गर्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न उपयुक्त देखेमा थाहा नगरपालिकाको स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न सक्नेछ ।

**६. बोर्डको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सेवा प्रणाली प्राप्त, निर्माण, विस्तार, सुधार तथा पुनर्स्थापना गर्ने गराउने,

(ख) सेवाको उपयोग सम्बन्धी नीति बनाई कार्यान्वयन गर्ने गराउने,

(ग) खानेपानीको दुरुपयोग रोक्ने तथा खानेपानी प्रदूषित हुन नदिने,

स्थानीय राजपत्र

(घ) खानेपानीको स्रोत, वितरण तथा सरसफाई सम्बन्धमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(ङ) सेवा प्रणाली सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने/गराउने,

(च) सेवा सञ्चालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने गराउने,

(छ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

(ज) प्रचलित कानून बमोजिम सेवाको महसुल दर निर्धारण गराउने,

(झ) गुणस्तरयुक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

(ञ) सेवा प्रदायकलाई सेवा प्रदान गर्न अनुमतिपत्र प्रदान गर्ने वा सेवा प्रदायकसँग सम्झौता गरी सेवा प्रदान गराउने,

(ट) उपभोक्तालाई प्रदान गर्ने सेवा बापत निर्धारित महसुल असूल गर्ने गराउने,

(ठ) सेवा प्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पीरमर्का पर्न गएमा सो उपर सुनुवाई गरी उपयुक्त उपचार दिने,

(ड) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिए बमोजिमका अन्य काम गर्ने ।

**७. बोर्डले सेवा सञ्चालन गर्ने गराउने :** (१) बोर्डले सञ्चालन गर्नु पर्ने सेवा आफैले वा आवश्यकता अनुसार सेवा प्रदायकलाई अनुमतिपत्र प्रदान गरी वा निजसँग सम्झौता गरी सञ्चालन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायकलाई अनुमतिपत्र प्रदान गर्दा वा निजसँग सम्झौता गर्दा बोर्डले आवश्यक शर्त तोक्न सक्नेछ ।

(३) सेवा प्रदायकले पालन गर्नु पर्ने शर्तहरु अनुमतिपत्र वा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

(४) अनुमतिपत्रको ढाँचा तथा सम्झौतामा उल्लेख हुनु पर्ने कुरा तोकिए बमोजिम हुनेछ ।

**८. पानी उपभोग तथा वितरण सम्बन्धी अधिकार सर्ने :** (१) विभिन्न खानेपानी उपभोक्ता समितिले सञ्चालन र व्यवस्थापन गरेको सेवा प्रणाली बोर्डमा हस्तान्तरण गर्नुपर्नेछ र सम्पूर्ण स्रोतमा बोर्डको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम संस्थानबाट हस्तान्तरण भएको सेवा प्रणालीको उपयोग, सञ्चालन तथा मर्मत सम्भार वा पुनर्स्थापन गर्ने क्रममा सार्वजनिक वा व्यक्तिगत घर जग्गामा पाइप राख्ने वा संरचनाको पुनर्निर्माण वा पुनर्स्थापना गर्ने सम्बन्धमा बोर्डलाई अधिकार हुनेछ ।

स्थानीय राजपत्र

## परिच्छेद–३

**कार्यकारी समितिको गठनसम्बन्धी व्यवस्था**

**९. कार्यकारी समितिको गठन :** (१) दफा ३ बमोजिम गठन भएको बोर्डको तर्फबाट सम्पादन गर्नु पर्ने सम्पूर्ण काम कारबाही सुचारु रुपले सम्पादन गर्न एक कार्यकारी समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) बोर्डको भौगोलिक क्षेत्रभित्रको नगरपालिकाको प्रमुख – अध्यक्ष

(ख) बोर्डको भौगोलिक क्षेत्रभित्रको वडा अध्यक्षहरु मध्येबाट १ (एक) जना – सदस्य

(ग) बोर्डको भौगोलिक क्षेत्रभित्रको नगरपालिकाको कार्यपालिका सदस्य मध्येबाट १ (एक) जना महिला सदस्य – सदस्य

(घ) भौगोलिक क्षेत्रको नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत १ (एक) जना – सदस्य

(ङ) भौगोलिक क्षेत्रका स्थानीय खानेपानी उपभोक्ता समितिहरुमध्येबाट समितिले मनोनयन गरको १ (एक) महिला – सदस्य

(च) भौगोलिक क्षत्रेका खानेपानी वा सरसफाई सेवा क्षेत्रमा कार्यरत स्थानीय गैर सरकारी संस्थाहरुमध्यबाट समितिले मनोनयन गरेकोएकजना व्यक्ति १ (एक) महिलालाई मनोनित गर्न सक्नेजना – सदस्य

(छ) खानेपानी तथा सरसफाई सेवा क्षेत्रका विज्ञहरुमध्येबाट समितिले मनोनयन गरको १ (एक) जना – सदस्य

(ज) बोर्डले आवश्यकता अनुसार सल्लाहकार चयन गर्न सक्नेछ ।

(३) उपदफा (२) को खण्ड (ग), (घ) (ङ) वा (च) बमोजिमको सदस्यले प्रतिनिधित्व गर्दा सम्बन्धित क्षेत्रमा एकभन्दा बढी संस्था भएमा त्यस्तो संस्थाहरुको प्रतिनिधित्वमा बैठक बसी आपसी सहमतीमा निर्णय गराई प्रतिनीधि तोकी पठाई प्रतिनिधित्व गर्नुपर्नेछ ।

तर त्यस्ता संस्थाहरुबाट प्रतिनिधित्व गर्ने सम्बन्धमा सहमति हुन नसकेमात्यस्ता संस्थाहरुमध्येबाट प्रतिनिधित्व हुने गरी कार्यकारी समिति आफैले मनोनयन गर्नेछ ।

(४) उपदफा (२) को खण्ड (ग) र (च) बमोजिम सदस्य मनोनयन गर्दा महिलालाई मनोनयन गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(६) समितिका सदस्यले आफ्नो कार्य सम्हाल्नुअघि अनुसूची–१ मा उल्लेख भए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

(७) कार्यकारी निर्देशकले समितिको सचिव भई काम गर्नेछ ।

स्थानीय राजपत्र

**१०. सदस्यको पद रिक्त हुने अवस्था :** समितिमा मनोनीत सदस्यको पद देहायका अवस्थामा रिक्त भएको
मानिनेछ :-

(क) निजले मनोनयन गर्ने निकायसमक्ष आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज साहूको दामासाहीमा परेमा,

(घ) निज कुनै फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ङ) निज बिना सूचना लगातार तीनपटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा,

(च) निजको मृत्यु भएमा ।

**११. रिक्त स्थानको पूर्ति :** समितिको मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिकाबाट मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरीरिक्त पदको पूर्ति गरिनेछ ।

**१२. समितिको बैठक र निर्णय :** (१) समितिको बैठक वर्षको कम्तीमा छ पटक बस्नेछ र दुई बैठकबीचको फरक तीन महिनाभन्दा बढी हुने छैन ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिका कम्तीमा पच्चीस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) समितिका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय कार्यकारी निर्देशकले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

स्थानीय राजपत्र

**१३. सदस्यको भत्ता तथा सुविधा :** (१) समितिको सदस्यले बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

(२) समितिका सदस्यले बोर्डको काम गरे बापत पाउने अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

**१४. सर्वसाधारणको हित हेर्नु पर्ने :** समितिले बोर्डको तर्फबाट काम कारबाही गर्दा सर्वसाधारणको बृहत्तरहित र व्यापक सुविधालाई ध्यानमा राखी गर्नु पर्नेछ र त्यसरी काम गर्दा लागेको लागत खर्चसमेतलाई विचार गर्नु पर्नेछ ।

## परिच्छेद-४

### कार्यकारी निर्देशक तथा कर्मचारीसम्बन्धी व्यवस्था

**१५. कार्यकारी निर्देशकको नियुक्ति :** (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्न समितिले तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) कार्यकारी निर्देशकको पदावधि पाँच वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा, बोर्डको हित विपरीत कुनै काम कारबाही गरेमा, निज कुनै खराब आचरणमा लागेमा वा समितिले दिएको निर्देशन अनुरुप निजले काम नगरेमा समितिले तोकिएको प्रक्रिया अपनाई निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाई पेश गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछन् ।

**१६. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार :** कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) बोर्डको अल्पकालीन तथा दीर्घकालीन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गर्ने गराउने,

(ग) समितिबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्डको लागि आवश्यक कर्मचारी नियुक्तिको लागि समितिसमक्ष सिफारिस गर्ने,

(ङ) समितिबाट स्वीकृत हुनु पर्ने प्रस्तावहरु समिति समक्ष पेश गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

स्थानीय राजपत्र

**१७. कर्मचारी सम्बन्धी व्यवस्था** : (१) बोर्डमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद-५

### बोर्डको विशेषाधिकार

**१८. ऋण तथा सहयोग लिन सक्ने** : बोर्डले आवश्यकता अनुसार नेपालभित्रको कुनै बैङ्क वा वित्तीय संस्था वा विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न सक्नेछ ।

तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्नु अघि बोर्डले स्थानीय सरकारसंग अनिवार्य तथा आवश्यकताको आधारमा प्रदेश र संघीय सरकारको स्वीकृति लिनु पर्नेछ ।

**१९. लगानी गर्न सक्ने** : (१) बोर्डले दफा २८ बमोजिमको कोषमा रहेको रकम उपभोक्ताको हितलाई ध्यानमा राखी लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने लगानीको क्षेत्र तथा शर्त तोकिए बमोजिम हुनेछन् ।

**२०. घर जग्गामा प्रवेश गर्न सक्ने**: (१) बोर्डको कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सोको कारणसहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शङ्कागर्नु पर्ने मनासिब आधार र कारण भएमा त्यस्तो घर जग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्नेछैन ।

(२) बोर्डको अनुमतिपत्र लिई वा बोर्डसँग सम्झौता गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकलाई समेत उपदफा (१) बमोजिमको अधिकार प्राप्त हुनेछ ।

**२१. निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन सक्ने** : (१) बोर्डले उपभोक्तालाई खानेपानी वा सरसफाई सेवा उपलब्ध गराउने प्रयोजनको लागि निजी वा सार्वजनिक घर जग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पाइप बिछ्याउँदा वा सोसँग सम्बन्धित अन्य संचरना बनाउँदा कुनै व्यक्तिको निजी घर जग्गामा कुनै किसिमले हानि नोक्सानी भएको प्रमाणित भएमा बोर्डले सो बापत सम्बन्धित घर जग्गाधनीलाई सरकारी मूल्याङ्कन बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

स्थानीय राजपत्र

**२२. सेवा प्रदायकसँग शुल्क लिन सक्ने :** (१) बोर्डले आफ्नो भौगोलिक क्षेत्रभित्र सेवा सञ्चालन गर्ने सेवा प्रदायकसँग तोकिए बमोजिम शुल्क लिन सक्नेछ ।

(२) बोर्डले कुनै सेवा प्रदायकलाई आफ्नो सेवा प्रणाली सञ्चालन गर्न अनुमतिपत्र दिएकोमा अनुमतिपत्रमा उल्लेख भए बमोजिमको रकम त्यस्तो सेवा प्रदायकबाट असूल उपर गर्नेछ ।

**२३. अतिरिक्त दस्तुर लगाउने :** (१) उपभोक्ताले सेवा उपयोग गरेबापत तिर्नु पर्ने महसुल निर्धारित समय भित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवाभन्दा थप सेवा उपलब्ध गराइएकोमा त्यस्तो उपभोक्ताबाट बोर्डले तोकिए बमोजिम अतिरिक्त दस्तुर असूल उपर गर्न सक्नेछ ।

(२) बोर्डसँग सम्झौता गरी वा बोर्डको अनुमतिपत्र प्राप्त गरी सेवा सञ्चालन गर्ने सेवाप्रदायकले समेत उपदफा (१) बमोजिमको अतिरिक्त दस्तुर लगाउन र उठाउन पाउनेछ ।

**२४. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने :** (१) यस ऐन वा प्रचलित कानून बमोजिम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा बोर्ड वा सेवा प्रदायकले निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा अन्त्य भएकोमा उपभोक्ताले बोर्ड वा सेवा प्रदायकलाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद-६

### कसूर तथा सजाय

**२५. कसूर तथा सजाय :** (१) कसैले यो ऐन वा यस अन्तर्गत बनेको नियम प्रतिकूल कुनै काम गरी देहायको कसूर गरेमा बोर्डले त्यस्तो व्यक्तिलाई देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुऱ्याएमा क्षति भएको हानि नोक्सानी भराई कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिबाना,

(ख) खानेपानीलाई प्रदूषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएकोमा कसूरको मात्रा हेरी पच्चीस हजार रुपैयाँसम्म जरिबाना,

(ग) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा पन्ध्र हजार रुपैयाँसम्म जरिबाना गरीसेवा बन्द गर्न,

(घ) सेवा मापकयन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुऱ्याएमा दश हजार रुपैयाँसम्म जरिबाना,

स्थानीय राजपत्र

(ङ) सेवा प्रणालीमा जडित पाइप लाइन चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नष्टगरेमा सो कामबाट पुग्न गएको क्षतिको बिगो भराई बिगोबमोजिम जरिबाना गर्नतथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्ता उपभोक्ताको सेवा छमहिनासम्म बन्द वा निलम्बन गर्न ।

(२) सेवा प्रदायकद्वारा सेवा प्रदान भएको अवस्थामा उपदफा (१) बमोजिमको कसूरका सम्बन्धमा सजाय गर्न वा क्षतिपूर्ति भराई माग्न सेवा प्रदायकले बोर्डमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा प्रदायकले बोर्डसमक्ष दिएको निवेदनउपर छानबिन गर्दा कुनै व्यक्तिले कसूर गरेको ठहरेमा बोर्डले उपदफा (१) बमोजिम उपयुक्त सजाय गर्ने आदेश दिनसक्नेछ ।

(४) यस दफा बमोजिम कसूरको छानबिन गरी सजाय गर्न बोर्डले तोकिए बमोजिम न्यायिक समिति गठन गर्न सक्नेछ ।

(५) न्यायिक समितिले उपदफा (४) बमोजिम गरेको सजायउपर सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

(६) उपदफा (४) बमोजिम गठित न्यायिक समितिको कार्यविधि तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-७

### बोर्डको कोष र लेखापरीक्षण

**२६. बोर्डको कोष :** (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) संघीय सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण, अनुदान वा सहयोग बापत प्राप्त रकम,

(ग) सेवा प्रदायकलाई सेवा प्रणाली उपयोग गर्न दिएबापत प्राप्त रकम,

(घ) सेवा प्रदायकबाट अनुमतिपत्र दस्तुरबापत प्राप्त रकम,

(ङ) उपभोक्ताले महसुल बापत बुझाएको रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) बोर्डको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) बोर्डको कोषमा रहने रकम नेपाल भित्रको कुनै बैङ्क वा वित्तीय संस्थामा खाता खोली जम्मा गरिनेछ र त्यस्तो खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

स्थानीय राजपत्र

**२७. उपभोक्ता संरक्षण कोष :** (१) दफा २५ बमोजिम जरिवाना बापत प्राप्त गरेको रकम जम्मा गर्न बोर्डले एउटा उपभोक्ता संरक्षण कोष खडा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम सेवालाई नियमित गराउन, सेवाप्रणालीको आवश्यकता अनुसार मर्मत सम्भार गर्न वा पुनर्निर्माण गर्न तथा तोकिए बमोजिम उपभोक्तालाई अनुदान दिने काममा प्रयोग गरिनेछ ।

(३) कोषको सञ्चालन, व्यवस्थापन र उपयोगसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछन् ।

३०. लेखा र लेखापरीक्षण : (१) बोर्डको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) बोर्डले तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्नु गराउनुपर्नेछ ।

(३) बोर्डको आय-व्ययको लेखापरीक्षण समितिले नियुक्त गरेको ईजाजतपत्र प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

## परिच्छेद-८

### विविध

**२८. निर्देशन दिन सक्ने :** सेवाको गुणस्तर कायम गर्ने, वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने सम्बन्धमा स्थानीय, प्रदेश र संघीय सरकारले बोर्डलाई आवश्यक निर्देशन दिनसक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु बोर्डको कर्तव्य हुनेछ ।

**२९. वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने :** (१) बोर्डले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र देहायका कुराहरुसमेत समावेश गरी स्थानीय सरकारलाई अनिवार्य, प्रदेश र संघीय सरकारसमक्ष वार्षिक प्रतिवेदन पेशगर्नुपर्नेछ :-

(क) बोर्डको आम्दानी र खर्चको विवरण,

(ख) आफूले वर्षभरी सम्पादन गरेको कामको विवरण र सोको लागि लागेको प्रशासकीय खर्च,

(ग) आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथासोको स्रोत,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन स्थानीय सरकारले प्रत्येक वर्ष बोर्डलाई सार्वजनिक गर्न लगाउनेछ ।

स्थानीय राजपत्र

**३०. उपसमिति गठन गर्न सक्ने :** (१) बोर्डले आफूले गर्नुपर्ने काम कारबाही सुचारु रुपले गर्नको लागि विभिन्न विषयसँग सम्बन्धित विशेषज्ञ, सेवा प्रदायक तथा उपभोक्ताको समेत संलग्नता रहने गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार तथा उपसमितिका सदस्यले पाउने सुविधा तोकिए बमोजिम हुनेछन् ।

**३१.सरकारसँगको सम्पर्क र समन्वय :** बोर्डले संघीय र प्रदेश सरकारसँग सम्पर्क राख्दा सम्बन्धीत मन्त्रालयमार्फत राख्नु पर्नेछ । तर स्थानीय सरकारसंग सम्पर्क राख्दा प्रमुख समक्ष राख्नुपर्नेछ ।

**३२. नियम तथा विनियमावली बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले आवश्यक नियम तथा विनियमावली बनाउन सक्नेछ र त्यस्तो नियम तथा विनियमावली स्थानीय सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**३३. निर्देशिका बनाई लागू गर्न सक्ने :** बोर्डले यो ऐन वा यसअन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ यस्तो निर्देशिका बोर्ड आफैले स्वीकृत गर्न सक्नेछ ।

**३३. खारेजी तथा बचाऊ :** खानेपानी बोर्डको आवश्यकता तथा औचित्य पुष्टि नभएका बखत कार्यकारी समितिले निर्णय गरी थाहा नगरपालिकामा पेश गरेमा नगरसभामा सदस्यको दुई तिहाई बहुमतले निर्णय गरी खानेपानी बोर्डको खारेज गर्न सक्नेछ ।

स्थानीय राजपत्र

## अनुसूची–१

**(दफा १० को उपदफा (७) सँग सम्बन्धित)**

### शपथ

**म… … … … … … … ईश्वरलाई साक्षी राखी/सत्य निष्ठापूर्वक शपथ लिन्छु कि समितिको अध्यक्ष/सदस्यको हैसियतले मलाई सुम्पिएको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, त्रास, मोलाहिजा,पक्षपात, द्वेष वा लोभमा नपरी निष्पक्ष तथा इमान्दारीपूर्वक गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको गोप्य कुरा प्रचलित कानूनको पालनाको सिलसिलामा बाहेक कुनै अवस्थामा कसैलाई कुनै पनि माध्यमबाट आफू पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन ।**

**मिति :-** **दस्तखत : ………………**

**आज्ञाले,**

**नामः हरिलाल पुरी**

**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र